# लोक सेवा आयोगको सूचना

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौ

## सिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०६६/०९/३० गते)

१. यस कार्यालयको लागि आ.व.२०६६/०६७ मा तपसिल बमोजिमका सामानहरु सिलबन्दी बोलपत्र/दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र /दरभाउपत्र आह्वान गरिएको छ।

| प्याकेज नं. | ठेक्का नं. | सामानको विवरण | परिमाण | खरिद प्रक्रिया |
|---|---|---|---|---|
| १ | ३/०६६/६७ | OMR (Optical Mark Recognition) machine | १ | सिलबन्दी बोलपत्र |
| २ | ४/०६६/६७ | Desktop Computer | १३ थान | सिलबन्दी दरभाउपत्र |
| | | Heavy Duty Laser Printer | १ थान | |
| | | Normal Laser Printer | ५ थान | |
| | | UPS | १३ थान | |

२. बोलपत्र/दरभाउपत्र दाताको ग्राह्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्र/दरभाउपत्र दाताले बोलपत्र/दरभाउपत्र साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ।
   क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
   ख) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी।
   ग) मू.अ.क. दर्ताको प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि।
   घ) बोलपत्र/दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति।
   ङ) आ.व.२०६५/६६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

३) सामानहरुको Warranty period (Manufactures warranty) र सम्पूर्ण Configuration उत्पादकबाटै Configure भएको हुनुपर्नेछ।

४) सामानको Specification बोलपत्र/दरभाउपत्र फारामका साथ उपलब्ध हुनेछ। यसमा पूर्वजानकारी आवश्यक परेमा कार्यालय समयमा यस कार्यालयमा आई हेर्न बुझ्न सकिने छ।

५) बोलपत्र फाराम प्रत्येक प्याकेजको रु. १०००।- (रु.एक हजार) र सिलबन्दी दरभाउपत्र फाराम प्रत्येक प्याकेजको रु.३००।-(तीनसय) तिरी यस कार्यालयको प्रशासन शाखाबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बोलपत्रको लागि ३० औं दिन र दरभाउपत्रको लागि १५ औं दिनको कार्यालय समयभित्र खरिद गरी बोलपत्र ३१ औं दिन र दरभाउपत्रपत्र १६ औं दिनको १२.०० बजेभित्र सिलबन्दी गरी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ।

६) बोलपत्र/दरभाउपत्रमा प्रत्येक आइटमको दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

७) दरभाउपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मितिबाट ४५ दिन र बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला हुने अन्तिम मितिबाट ९० दिन हुनेछ। बोलपत्र/दरभाउपत्रदाताले बोलपत्र/दरभाउपत्रसाथ कबोल गरेको रकमको कम्तीमा २.५ प्रतिशत (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने रकममा नघटाई बोलपत्र/दरभाउपत्रको मान्य अवधिभन्दा कम्तीमा ३० दिन बढी अवधिको नगदै वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाउँमा जारी गरेको बैंक ग्यारेण्टी (बिड वण्ड) को सक्कलै प्रति पेश गर्नुपर्नेछ। नगद जमानतका लागि नेपाल राष्ट्र बैंक, थापाथलीस्थित यस आयोगको स.अ. धरौटी खाता नं. १३१४४६/०६६ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। जमानत प्याकेज अनुसार छुट्टाछुट्टै हुनुपर्नेछ।

८) पेश हुन आएका सिलबन्दी बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको १३.०० बजे बोलपत्र/दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्र/दरभाउपत्रदाता उपस्थित नभए पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

९) एक फर्मको नाममा खरिद गरिएको बोलपत्र/दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

१०) बोलपत्र/दरभाउपत्रमा उल्लेखित सामानको परिमाण आवश्यकता अनुसार थपघट भएमा पनि आपूर्तिकर्ताले स्वीकार गर्नुपर्नेछ।

११) सूचनाको दफा २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त हुन आएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको, एवं स्पेशिफिकेशन बमोजिम नभएको बोलपत्र/दरभाउपत्र उपर कारबाही हुने छैन।

१२) बोलपत्र/दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ।

१३) प्रत्येक प्याकेज अलग अलग हुनेछ। अलग अलग निर्णय लिइनेछ।

१४) बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस आयोगमा सुरक्षित रहनेछ।

१५) सिलबन्दी बोलपत्र/दरभाउपत्रको बाहिरी खाममा सम्बन्धित विषय अनिवार्यरुपमा खुलाउनु पर्नेछ।

१६) यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

१७) यो सूचना यस आयोगको वेब साइट www.psc.gov.np मा समेत हेर्न सकिनेछ।